वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !
हामी तपाईंलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १०४ | २०८३ साउन २६ गते मंगलबार, नेपाल सम्वत् ११४६ August 11, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



**शिवलिङ्गमा दूध र बेलपत्र चढाउँदै भक्तजन :** तनहुँको शुक्लागण्डकी नगरपालिका-२ स्थित मुक्तिनाथ च्यवनधाममा साउनको अन्तिम सोमबार शिवलिङ्गमा दूध र बोलपत्र चढाउँदै भक्तजनहरू । साउन महिनाका सोमबार भगवान शिवको विशेष पूजा-आराधना गर्ने परम्परा रहेको छ ।
*तस्बिर : भञ्ज्याङ*

# भिमादको किहुँ-हुक्का डाँडादेखि डाडाजोरसम्म एकीकृत पर्यटन सर्किट बनाउने तयारी

भञ्ज्याङ समाचारदाता/भिमाद

तनहुँको भिमाद नगरपालिका-१ स्थित हुक्का डाँडा लिलिङकोटसहित किहुँ, सतिकोट गुफा, डाडाजोरलगायतका पर्यटकीय क्षेत्रलाई जोडेर एकीकृत पर्यटन सर्किटका रूपमा विकास गर्ने पहल सुरु भएको छ । यसका लागि स्थानीयस्तरमा एकीकृत पर्यटन विकास समिति गठन गरिएको छ।

संविधानसभा सदस्य टुकराज सिग्देलको उपस्थितिमा भएको भेलाले सुरज लम्सालको संयोजकत्वमा १३ सदस्यीय समिति गठन गरिएको छ । समितिको सहसंयोजकमा जविरूल्ला मियाँ, सचिवमा सन्दीय नगर्ची, सहसचिवमा सरिना खातुन र कोषाध्यक्षमा अनिश परियार चयन भएका छन् । समितिका सदस्यमा धनञ्जय सिग्देल, झलक आले, शिवबहादुर राना, तीर्थ सिग्देल, नरबहादुर दवाडी, सृष्टि थापा, कुशल थापा र नारायणी लामिछाने रहेका छन् ।

समितिले किहुँ-हुक्का डाँडा, लिलिङकोट, सतिकोट गुफा हुँदै डाडाजोरसम्मका पर्यटकीय क्षेत्रको संरक्षण, पूर्वाधार विकास, प्रचार-प्रसार तथा स्थानीय समुदायको सहभागितामार्फत पर्यटन प्रवर्द्धन गर्ने जनाएको छ । छरिएर रहेका पर्यटकीय स्थललाई एउटै पर्यटन सर्किटमा जोडेर विकास गर्न सके यस क्षेत्रको पर्यटन गतिविधि विस्तार हुने अपेक्षा गरिएको छ ।

भिमाद नगरपालिका-१ हुक्कास्थित हुक्का डाँडा लिलिङकोट पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षणको केन्द्रका रूपमा विकास हुँदै गएको छ। प्राकृतिक सौन्दर्य, शान्त वातावरण तथा विभिन्न भू-दृश्यको अवलोकन गर्न सकिने भएकाले लिलिङकोटमा दैनिकजसो आन्तरिक आकर्षक गन्तव्य बनाएको स्थानीयको भनाइ छ ।

सामाजिक सञ्जालमार्फत लिलिङकोटका दृश्य तथा भ्रमणका तस्बिर सार्वजनिक हुन थालेपछि यसको चर्चा बढेको छ । छिमेकी जिल्ला तथा विभिन्न सहरबाट आउने पर्यटकहरु स्वच्छ हावापानी र शान्त वातावरणमा रमाउन, पर्यटकीय गन्तव्य बनाउन तत्काल आधारभूत पूर्वाधार निर्माण आवश्यक देखिएको छ। फोहोर व्यवस्थापनका लागि निश्चित स्थान तोक्ने, खानेपानीको व्यवस्था गर्ने, पर्यटकका लागि पिकनिक हल निर्माण गर्ने तथा सुरक्षित र व्यवस्थित पदमार्ग निर्माण गर्नुपर्ने आवश्यकता रहेको स्थानीयले बताएका छन् ।



पर्यटक पुग्न थालेका छन् ।

लिलिङकोटबाट छिमेकी जिल्ला स्याङ्जाको हरिनास गाउँपालिकाका डाँडा, पाखा, खेतबारी, वनजंगल तथा खोलानालाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । त्यस्तै पाल्पाका विभिन्न पहाडी भू-भाग, घिरिङ गाउँपालिका अन्तर्गतका बस्ती तथा गजरकोट क्षेत्र र आसपासका मगर बस्तीसमेत यहाँबाट देख्न सकिन्छ । यसले लिलिङकोटलाई प्राकृतिक दृश्यावलोकनका लागि तस्बिर खिच्न तथा प्राकृतिक दृश्यावलोकन गर्न लिलिङकोट पुग्ने गरेका छन् ।

पर्यटकको आवागमन बढेसँगै लिलिङकोटको संरक्षण र व्यवस्थापनमा स्थानीयको चासोसमेत बढेको छ । पर्यटकीय गतिविधि विस्तारसँगै फोहोरको समस्या बढ्न सक्ने भएकाले फोहोर व्यवस्थापन, स्वच्छता तथा वातावरण संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने स्थानीयको भनाइ छ ।

लिलिङकोटलाई व्यवस्थित

लिलिङकोटको पहिचान प्राकृतिक सौन्दर्यमा मात्र सीमित छैन । यो क्षेत्र राजनीतिक तथा ऐतिहासिक घटनाक्रमसँग पनि जोडिएको स्थानीयको भनाइ छ । राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तनका लागि जीवन बलिदान गरेका सहिदहरूको योगदानसँग जोडिएको क्षेत्र भएकाले लिलिङकोटलाई पर्यटनसँगै इतिहास र स्मृतिको केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना

बाँकी अन्तिम पेजमा

# गण्डकी सरकारले बनायो घरेलु मदिरा नियमावली

## १८ वर्ष नपुगेकालाई बेच्न नपाइने

भञ्ज्याङ समाचारदाता/पोखरा

गण्डकी प्रदेश सरकारले घरेलु मदिराको उत्पादन तथा बिक्री वितरणलाई खुला गर्न नियमावली तयार गरेको छ । अघिल्लो वर्ष



ऐन बनाएको गण्डकीले अहिले नियमावली बनाएर कार्यान्वयनमा लैजान लागेको हो । घरेलु मदिरा ऐनकै अधिकारभित्र रहेर नियमावली तयार गरिएको सरकारले जनाएको छ। उक्त नियमावली मन्त्रिपरिषद् बैठकबाट पारित भएको छ ।

नियमावली अनुसार घरेलु मदिराको बिक्री वितरण गर्न क्षेत्र निर्धारण गरिएको छ । अबदेखि विद्यालय, अस्पताल, धार्मिक स्थल र आवासीय क्षेत्रको २०० मिटरभित्र मदिरा बिक्री वितरण गर्न पाइने छैन । यस्तै, १८ वर्ष उमेर नपुगेका व्यक्ति तथा गर्भवती महिलालाई घरेलु मदिरा किन्नेबेच्ने काममा लगाउन र उनीहरूलाई मदिरा बेच्न निषेध गरिएको छ ।

मदिरा किनबेचका लागि समय तालिका पनि निर्धारण गरिएको छ । बिहान १० बजेदेखि राति १० बजेसम्म मात्र मदिरा किन्न र बेच्न पाइने व्यवस्था नियमावलीमा

बाँकी अन्तिम पेजमा

# तनहुँमा पशुको रगत परीक्षण गर्ने सेवा सञ्चालन

भञ्ज्याङ समाचारदाता/दमौली

भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय तनहुँले आधुनिक पशु स्वास्थ्य सेवा सञ्चालनमा ल्याएको छ। कार्यालय प्रमुख रविनसन अधिकारीका अनुसार गण्डकी प्रदेशका ११ जिल्लामध्ये पशुको रगत परीक्षण सेवा उपलब्ध गराउने कार्यालय तनहुँ मात्रै हो । रगत परीक्षणबाट पशुमा देखिने विभिन्न रोग छिटो पहिचान गर्न सकिने भएकाले उपचार प्रक्रिया सहज र विश्वासनीय बनेको छ ।

उनले भने, "रगत परीक्षणबाट पशुमा देखिएका विभिन्न रोग तथा स्वास्थ्य समस्याको अवस्था पहिचान गरी त्यसैका आधारमा उपचार गर्न सकिने भएकाले उपचार प्रक्रिया थप प्रभावकारी र विश्वसनीय बनेको छ ।" पशुले रोगका लक्षण देखाएपछि त्यसका आधारमा मात्र उपचार गर्दा रोगको वास्तविक कारण पहिचान गर्न कठिन हुने अवस्थामा रगत परीक्षण गरी रोग पहिचान गर्न सकिने हुँदा पशु उपचारमा आधुनिक स्वास्थ्य परीक्षणको महत्त्व बढेको कार्यालयले जनाएको छ ।

कार्यालयले पशुहरुको हड्डीसम्बन्धी शल्यक्रिया सेवा सुरू गरेको छ। दुर्घटना वा अन्य कारणले हड्डी भाँचिएका तथा जोर्नीसम्बन्धी समस्या भएका पशुहरूको जिल्लामै शल्यक्रिया गरी उपचार गर्न सकिने उनले बताए।

यसअघि यस्ता जटिल समस्या भएका पशुलाई उपचारका लागि अन्यत्र लैजानुपर्ने अवस्था थियो। पशुलाई लामो दूरीसम्म लैजाँदा थप समस्या हुने तथा किसानलाई अतिरिक्त खर्चसमेत लाग्ने गरेको थियो । जिल्लामै शल्यक्रिया सेवा उपलब्ध भएपछि किसानले समय र खर्च दुवै बचत गर्न सक्ने भएका छन् ।

यस्तै भिडिओ एक्स-रे सेवासमेत सञ्चालनमा आइसकेको छ। आधुनिक उपकरणमार्फत पशुको आन्तरिक अवस्थाको स्पष्ट परीक्षण गरी रोगको सही निदान र उपचार गर्न त्यो सेवा प्रभावकारी हुने अधिकारीले बताए ।

उक्त सेवा प्रभावकारी सञ्चालनमा आएसँगै पशुवस्तु उपचारका लागि अन्य जिल्लामा जानुपर्ने बाध्यता हटेको छ । गण्डकी प्रदेशका अन्य जिल्लाका पशुपालक किसानले आवश्यक परे तनहुँबाट ती विशेष सेवाको लाभ लिन सक्ने कार्यालयले जनाएको छ । कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा दुई हजार ६२ किसानलाई प्रयोगशाला सेवा उपलब्ध गराएको छ । तीन हजार ९१९ किसानका पशुलाई उपचार सेवा उपलब्ध गराइएको कार्यालय प्रमुख अधिकारीले बताए ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# हुक्का डाँडाको प्रवर्द्धन

नेपालको ग्रामीण जीवन प्रकृति, संस्कृति र परम्परासँग जोडिएको छ । गाउँका उकाली–ओराली, हरियाली वन, खेतबारी, खोलानाला, पुराना बाटा, स्थानीय बस्ती र मौलिक जीवनशैली आफैँमा पर्यटनका सम्पत्ति हुन् । तर हामीले लामो समयसम्म आफ्नै वरिपरि रहेका यस्ता सम्भावनालाई पर्यटनको दृष्टिले हेर्न सकेनौँ । अहिले भने विस्तारै गाउँका कुनाकाप्चामा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाले पर्यटक तान्न थालेका छन्। तनहुँको भिमाद नगरपालिका–१ स्थित हुक्का डाँडा लिलिङ्कोट यसको एउटा उदाहरण हो । लिलिङ्कोटमा पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षण बढ्दै जानु सामान्य घटना मात्र होइन । यसले ग्रामीण पर्यटनको सम्भावनातर्फ संकेत गरेको छ । किहुँ, हुक्का डाँडा, लिलिङकोट, सतिकोट गुफा हुँदै डाडाजोरसम्मका क्षेत्रलाई जोडेर एकीकृत पर्यटन सर्किट बनाउने पहल सुरू हुनु त्यस अर्थमा सकारात्मक कदम हो। छरिएर रहेका पर्यटकीय स्थललाई एउटै मार्ग र अवधारणामा जोड्न सके एउटा गन्तव्यमा आउने पर्यटकलाई अर्को गन्तव्यसम्म पुर्‍याउन सकिन्छ । यसबाट पर्यटकको बसाइ लम्बिन सक्छ र गाउँको अर्थतन्त्रमा त्यसको प्रत्यक्ष प्रभाव पर्न सक्छ ।

पर्यटनको वास्तविक अर्थ केवल बाहिरबाट मानिस ल्याउनु मात्र होइन । पर्यटनले गाउँमा पैसा ल्याउनुपर्छ, स्थानीय उत्पादनको बजार विस्तार गर्नुपर्छ र गाउँमै रोजगारी सिर्जना गर्नुपर्छ । लिलिङकोटमा पर्यटक आउँदा स्थानीयले उत्पादन गरेको दूध, दही, घिउ, मह, तरकारी, फलफूल, अचार, स्थानीय परिकार तथा हस्तकलाका सामग्री बिक्री हुन सक्ने वातावरण बनाउन सकिन्छ । स्थानीय युवाले गाइड, यातायात, होटल, होमस्टे, सरसफाइ, मनोरञ्जन र अन्य सेवामा रोजगारी पाउन सक्छन् । यसरी पर्यटनलाई स्थानीय अर्थतन्त्रसँग जोड्न सकियो भने गाउँबाट युवा पलायनको क्रमसमेत केही हदसम्म रोक्न सकिन्छ । ग्रामीण पर्यटनको अर्को महत्वपूर्ण पक्ष स्थानीय जीवनशैली हो । पर्यटक सहरको सुविधा खोजेर गाउँ जाँदैन । उसले त्यहाँ आफूले दैनिक जीवनमा नदेखेको मौलिकता खोज्छ । गाउँको घर, आँगन, खेतबारी, स्थानीय खाना, लोकगीत, नाच, भेषभूषा, परम्परा र मानिसको आत्मीय व्यवहार नै ग्रामीण पर्यटनका आकर्षण हुन् । त्यसैले गाउँलाई सहरजस्तै बनाउनेभन्दा गाउँको मौलिकता जोगाएर पर्यटन विकास गर्नु बुद्धिमानी हुन्छ । पर्यटनका नाममा कङ्क्रिटका संरचना मात्र थप्दै जाने हो भने ग्रामीण पर्यटनको वास्तविक पहिचान हराउन सक्छ। लिलिङ्कोटको प्राकृतिक सौन्दर्य यसको अर्को ठूलो सम्पत्ति हो । त्यहाँबाट स्याङ्जाको हरिनास क्षेत्रका हरिया डाँडा, पाखा, खेतबारी, वनजंगल तथा खोलानाला देखिन्छन् । पाल्पाका पहाडी भूभागदेखि आसपासका बस्ती र मगर गाउँसम्मको दृश्यावलोकन गर्न सकिन्छ । यस्तो प्राकृतिक सम्पदा निर्माण गर्नुपर्दैन, केवल संरक्षण गर्नुपर्छ । यही कारण पर्यटकीय पूर्वाधार विकास गर्दा वातावरण संरक्षणलाई पहिलो प्राथमिकता दिनुपर्छ ।

पर्यटक बढेपछि फोहोर बढ्नु स्वाभाविक हो । खानेपानीको स्रोतमा दबाब पर्न सक्छ। वन तथा जैविक विविधतामाथि असर पर्न सक्छ । अव्यवस्थित सडक र निर्माणले प्राकृतिक भू–दृश्य बिगार्न सक्छ । त्यसैले पर्यटन विकासको नाममा प्रकृतिको विनाश स्वीकार्य हुँदैन । फोहोर व्यवस्थापन, स्वच्छता, पानीको संरक्षण, पदमार्गको वैज्ञानिक निर्माण र वातावरणमैत्री पूर्वाधार अहिले नै योजनामा राखिनुपर्छ । आज पर्यटक ल्याउने नाममा प्रकृति बिगारियो भने भोलि पर्यटक आउने कारण नै समाप्त हुन सक्छ । लिलिङकोटको सम्भावना प्राकृतिक दृश्यमा मात्र सीमित छैन । यस क्षेत्रको ऐतिहासिक तथा राजनीतिक स्मृतिलाई पनि पर्यटनसँग जोड्न सकिन्छ । सामाजिक तथा राजनीतिक परिवर्तनका लागि जीवन बलिदान गरेका सहिदहरूको योगदानसँग जोडिएको भूगोल भएकाले इतिहास र स्मृतिको पर्यटन विकास गर्न सकिने सम्भावना छ । सहिद पार्क, स्मृति स्थल, सूचना केन्द्र तथा ऐतिहासिक विवरणलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न सके नयाँ पुस्ताले इतिहास बुझ्ने र पर्यटकले फरक अनुभव प्राप्त गर्ने अवसर पाउनेछन् । तर पर्यटन विकास सरकार वा नगरपालिकाले मात्र गरेर सम्भव हुँदैन । स्थानीय समुदाय यसको मुख्य साझेदार हुनुपर्छ । पर्यटनबाट आम्दानी गर्ने अवसर केही व्यक्तिमा मात्र सीमित भयो भने यसले गाउँमा असमानता बढाउन सक्छ । त्यसैले स्थानीय समुदायको सहभागिता, महिला तथा युवाको भूमिका, सहिद परिवारको सम्मान र स्थानीय व्यवसायीको लगानीलाई समान रूपमा जोडिनुपर्छ । पर्यटनबाट हुने आम्दानी गाउँमै घुम्ने वातावरण बनाउनु आवश्यक छ ।

किहुँदेखि डाडाजोरसम्मको पर्यटन सर्किट केवल एउटा सडक वा पदमार्गको योजना बन्नु हुँदैन । यो ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने समग्र योजना बन्नुपर्छ । कहाँ होमस्टे सञ्चालन गर्ने, कहाँ स्थानीय उत्पादन बिक्री गर्ने, कहाँ पदयात्रा गर्ने, कहाँ सांस्कृतिक कार्यक्रम गर्ने, कहाँ ऐतिहासिक सूचना दिने र कहाँ प्राकृतिक दृश्यावलोकन गर्ने भन्ने स्पष्ट योजना आवश्यक छ । नेपालका धेरै गाउँमा पर्यटनको सम्भावना छ, तर सम्भावना मात्र भएर गाउँ समृद्ध हुँदैन । सम्भावनालाई उत्पादन, रोजगारी र आयआर्जनसँग जोड्न सक्नुपर्छ। लिलिङकोटमा सुरू भएको आकर्षणलाई त्यही दिशामा अघि बढाउन सके पर्यटन गाउँको जीवन बदल्ने माध्यम बन्न सक्छ । त्यसका लागि प्रचारभन्दा पहिले योजना, योजनाभन्दा पहिले संरक्षण र संरक्षणसँगै स्थानीय जनताको स्वामित्व आवश्यक छ । हाम्रो गाउँको प्रकृति नै हाम्रो पूँजी हो । संस्कृति हाम्रो पहिचान हो । स्थानीय उत्पादन हाम्रो अर्थतन्त्रको आधार हो र श्रम गर्ने गाउँले नै पर्यटन विकासका वास्तविक साझेदार हुन् । त्यसैले हुक्का डाँडा लिलिङकोटदेखि डाडाजोरसम्मको पर्यटन अभियानलाई एउटा गन्तव्य निर्माणको प्रयासमा सीमित नराखी प्रकृति जोगाउँदै गाउँको जीवनस्तर उकास्ने र स्थानीय आम्दानी बढाउने अभियानका रूपमा अघि बढाउनुपर्छ । त्यसो गर्न सके पर्यटन केवल घुम्ने ठाउँको विकास हुनेछैन, गाउँमै भविष्य खोज्ने नयाँ बाटो पनि बन्नेछ ।

# देशभर एनजीओ र आइएनजीओको जाल

राष्ट्रियता खतरामा परेको कुरा गर्दा कसैलाई वाहियात लाग्न सक्छ। प्रतिगमनका कुरा गर्दा पनि कतिपयको चित्त दुख्न सक्छ। विभिन्न मानिसहरु आ–आफ्नै सोचमा छन् । कयौँ व्यक्ति विभिन्न राजनीतिक पार्टीका नेता, कार्यकर्ता र शुभेच्छुक पनि छन्। सबैको आ–आफ्नो पार्टी र राजनीतिक आस्था होला, हुनु पनि पर्छ। तर राष्ट्रियताको सवालमा मतभिन्नता नहोला। यदि हामीले देश र देशभित्रको गणतन्त्रलाई जोगाउने हो भने हाम्रो विचार दूरदर्शी हुनैपर्छ । सार्वभौमसत्ता सम्पन्न राष्ट्रका नागरिक सचेत र सङ्गठित भएर मात्र देश अखण्ड रहन सक्छ। देशभित्र हुने गतिविधिसँग प्रत्येक नागरिकको सरोकार हुनुपर्छ।

हाम्रो देश बहुजातीय, बहुधार्मिक र बहुभाषिक छ। त्यहीअनुसार देशले संविधान पनि पाएको छ। यद्यपि संविधानमा कतिपय त्रुटि हुन सक्छन्। ती मैत्रीपूर्ण छलफलका विषय हुन् । देश–विदेशमा विभिन्न एनजीओभन्दा आइएनजीओहरु कतिपय क्षेत्रमा बढी सक्रिय भूमिकामा देखिन्छन्। कुनै देशमा संकट परेको बेला धेरैजसो एनजीओ निष्क्रिय हुने, तर त्यही बेला विदेशी आइएनजीओहरूले आफ्नो प्रभाव देखाउने प्रयास गर्ने गरेको आरोप पनि लाग्ने गरेको छ ।

कतिपय सहकारी तथा सामाजिक संस्थाहरूले विभिन्न जातीय र लैङ्गिक उत्पीडनमा परेकाहरूलाई सहयोग र राहत दिने काम गरेका छन् । सहकारीको कुरा गर्ने हो भने देशको अर्थतन्त्र र जनजीवन धान्न सहकारी क्षेत्रको योगदान पनि महत्त्वपूर्ण छ । तर देश केवल बाह्य सहयोगमा निर्भर भएर आत्मनिर्भर हुन सक्दैन। त्यसका लागि देशभित्रै राष्ट्रिय उद्योग, व्यवसाय र उत्पादनका आधार बलियो बनाउनुपर्छ ।

हाम्रो देशको जनसंख्या तीन करोड पुग्नै लागेको अवस्थामा हजारौँ एनजीओ तथा आइएनजीओ विभिन्न क्षेत्रमा सक्रिय

वि.सं. २०४६ सालभन्दा पहिलेको नेपाली समाजमा सामाजिक सद्भावको अवस्था थियो भन्ने एउटा दृष्टिकोण छ। जुनसुकै जातिका भए पनि गाउँ–छिमेकमा भाइचारा कायम थियो । तर जातीय छुवाछूत र विभेद पनि व्यापक थियो। त्यसैलाई लिएर देशमा राजनीति हुन थाल्यो । बौद्धिक वर्गले सकेसम्म जातीय विभेदको अन्त्य होस् भन्ने चाहना राखेको थियो, तर उनीहरु अल्पमतमा थिए । परिणामतः जातीय मुक्ति आन्दोलनले विद्रोहको रूप लियो । राजनीति सबैका लागि हुनुपर्छ भन्ने मान्यताले पनि अन्ततः देशभित्रको राजनीतिक परिवर्तनलाई गति दियो र राजतन्त्रको अन्त्य भयो ।

तर सत्ताको स्वार्थका कारण पुनः बहुदलीय व्यवस्था संकटमा धकेलियो। यही सेरोफेरोमा एनजीओ र आइएनजीओहरूको विस्तार पनि हुन थाल्यो। यसको पछाडि सत्ता, भत्ता र अन्य आर्थिक स्वार्थ जोडिएको आरोप लाग्ने गरेको छ।




उथलपुथल भइरहन्छन् । हिजो लेखिएका कुरा आज सही नहुन सक्छन् र आजका कुरा केही वर्षपछि काम नलाग्न सक्छन् । त्यसैले समय र परिस्थितिअनुसार आवश्यक विषयलाई परिमार्जन गर्दै जानुपर्छ । त्यो छुट्टै विषय हो ।

आज हामीले अर्को एउटा विषयमा पनि गम्भीर भएर बहस गर्न आवश्यक छ। कुनै पनि संघ–संस्थाको गठन कुनै न कुनै उद्देश्य र स्वार्थका लागि गरिएको हुन्छ। यद्यपि सबै संघ–संस्था खराब हुँदैनन्। तर कयौँ यस्ता सङ्गठन पनि छन्, जो विदेशी हित र स्वार्थपूर्तिका लागि निर्माण भएका हुन सक्छन्। हाम्रो जस्तो सानो देश र थोरै जनसंख्या भएको मुलुकमा सबै कुरा वस्तुगत परिस्थितिअनुसार सन्तुलन मिलाएर अघि बढाउनुपर्छ । आवश्यकताभन्दा बढी विदेशी वा स्वदेशी सङ्गठन हुनु पनि त्यति राम्रो हुन सक्दैन । आवश्यकता र प्राथमिकताका आधारमा संघ–संस्थाको निर्माण तथा सञ्चालन हुनुपर्छ ।

समाज कल्याण परिषद्को तथ्याङ्कअनुसार नेपालमा हजारौँ गैरसरकारी संस्था (एनजीओ) दर्ता भएका छन्। त्यस्तै, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) पनि उल्लेख्य संख्यामा छन्। तीमध्ये कति सक्रिय छन् भन्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण छ। छन्। देशका सातै प्रदेश र ७७ जिल्लामा यस्ता संस्थाहरु सक्रिय हुने हो भने कतिपय अवस्थामा सरकारका जिम्मेवारी र भूमिकामाथि नै प्रश्न उठ्न सक्छ । राज्यका निकायको जिम्मेवारी क्रमशः गैरसरकारी संस्थातर्फ हस्तान्तरण हुँदै जाने अवस्था निर्माण हुनु लोकतान्त्रिक राज्यका लागि गम्भीर विषय हुन सक्छ ।

हामीमध्ये धेरैजसो पुरानो विचारधारामा अल्झिएका छौँ । कतिपय अवस्थामा रूढीवादी समाजका नमुना बन्ने प्रयास पनि गरिरहेका छौँ। तर देशभित्र सक्रिय रहेका कतिपय आइएनजीओले विभिन्न कार्यक्रम, परियोजना र नीतिका माध्यमबाट समाजमा आफ्नो प्रभाव विस्तार गरिरहेका छन् । नेपाली समाजलाई आफ्नो उद्देश्यअनुकूल प्रभावित पार्ने प्रयास भइरहेको छ कि छैन भन्ने विषयमा राज्य र नागरिक समाज दुवैले गम्भीर समीक्षा गर्नुपर्छ । कुन संस्था कहिले समाजमा कति प्रभावशाली बन्छ भन्ने विषय सधैँ स्पष्ट हुँदैन । पछिल्लो समय विभिन्न फाउन्डेसन तथा सामाजिक संस्थाहरूले निर्माण गरेको प्रभावलाई पनि यही सन्दर्भमा हेर्न सकिन्छ। भित्रभित्रै फैलिँदै गएको कुनै संस्था भविष्यमा समाजको नेतृत्वदायी भूमिकामा पुग्न सक्छ कि सक्दैन भन्ने विषयमा समयमै बहस आवश्यक हुन्छ।

नियम बने, कानुन बने, तर जातीय समस्यासँगै सर्वहारा, सुकुम्बासी, गरिब किसान र सबैखाले श्रमजीवी वर्गका समस्या भने जस्ताका तस्तै रहे। परिणामस्वरूप माओवादीहरूले यिनै समस्यालाई नाराका रूपमा उठाएर जनयुद्धमा होमिए । दस वर्षसम्म सशस्त्र द्वन्द्व चल्यो। तर सरकार र माओवादी दुवैको दोहोरो चपेटामा अर्थात् धरापमा देशका तिनै गरिब तथा श्रमजीवी जनता परे ।

पुँजीवादी राज्यव्यवस्था पुँजीमैत्री हुन्छ। पुँजीप्रधान समाजमा राजनीति र सामाजिक संरचनाका धेरै विषयमा आर्थिक शक्तिको प्रभाव रहन्छ। एकातिर कम्युनिस्टहरु सर्वहारा वर्गको पक्षमा योजना बनाउँछन्, अर्कोतर्फ उनै राजनीतिक दलका कतिपय नेताहरूलाई एनजीओको माध्यमबाट सुख–सुविधाका नयाँ सम्भावना देखाइन्छन्। यस्तो अवस्थामा कतिपय नेताहरूमा दोहोरो चरित्र विकास हुने सम्भावना रहन्छ। अन्ततः प्रश्न उठ्छ–हामीले राजनीति गरेको केका लागि हो ? सुख–सुविधाका लागि हो कि समाज परिवर्तनका लागि ? पार्टी सञ्चालनका लागि पनि आर्थिक स्रोत आवश्यक हुन्छ। यही कारण राजनीतिक दल र गैरसरकारी क्षेत्रबीचको सम्बन्धमाथि पनि प्रश्न उठ्ने गरेको छ।

यो अवस्था विश्व पुँजीवादको

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
आत्मविश्वास बढ्नेछ। रोकिएका काम अघि बढ्नेछन्। व्यापार–व्यवसायमा लाभको अवसर मिल्नेछ।

**वृष**
मेहनतअनुसार कामको परिणाम प्राप्त हुनेछ। साथीभाइबाट सहयोग मिल्नेछ।

**मिथुन**
नयाँ व्यक्तिसँगको भेटघाट उपयोगी बन्न सक्छ। व्यवसायमा नयाँ अवसर प्राप्त हुनेछ।

**कर्कट**
कामको चाप बढे पनि प्रयासले सफलता दिलाउनेछ। आर्थिक कारोबारमा लाभ मिल्न सक्छ।

**सिंह**
सामाजिक क्षेत्रमा सक्रियता जिम्मेवारी पूरा गर्न सफल हुनुहुनेछ। व्यापार तथा रोजगारीमा नयाँ अवसर आउन सक्छ।

**कन्या**
आर्थिक लाभका नयाँ बाटा खुल्नेछन्। अध्ययन र प्रतिस्पर्धात्मक काममा सफलता मिल्नेछ।

**तुला**
साथीभाइको सहयोग प्राप्त हुनेछ। व्यापारमा लाभको सम्भावना छ। प्रेम तथा दाम्पत्य सम्बन्धमा आत्मीयता बढ्नेछ।

**वृश्चिक**
आर्थिक पक्षमा सुधार आउनेछ। नयाँ कामको जिम्मेवारी प्राप्त हुन सक्छ। अनावश्यक विवादमा नपर्नु नै राम्रो हुनेछ।

**धनु**
व्यवसाय तथा रोजगारीमा प्रगति हुनेछ। टाढिएका साथी वा आफन्तसँग भेटघाट हुन सक्छ। यात्राबाट लाभ मिल्नेछ।

**मकर**
आज मेहनतअनुसार सफलता प्राप्त हुनेछ। रोकिएको आर्थिक काम अघि बढ्न सक्छ।

**कुम्भ**
नयाँ अवसर प्राप्त हुने सम्भावना छ। आर्थिक कारोबारमा सफलता मिल्नेछ। सामाजिक प्रतिष्ठा बढ्नेछ।

**मीन**
आर्थिक लाभ भएपनि खर्चसमेत बढ्न सक्छ। पारिवारिक सहयोग प्राप्त हुनेछ। टाढाको यात्राको योजना बन्न सक्छ।

# देशभर एनजीओ र ........

भूमण्डलीकरणसँग जोडिएको आर्थिक तथा शैक्षिक नीतिको परिणाम पनि हुन सक्छ। साम्राज्यवादले जहाँ कम्युनिस्ट वा वामपन्थी आन्दोलनको प्रभाव छ, त्यहाँका जनताको मनोविज्ञान र सामाजिक अवस्थाको अध्ययन गरेर आफ्नो स्वार्थअनुकूलका रणनीति अघि सार्ने गरेको आरोप लाग्दै आएको छ। गरिबहरु किन लडेका छन्? उनीहरूलाई देशमा आमूल परिवर्तन किन चाहिएको छ? उनीहरूले सशस्त्र सङ्घर्षमा किन भाग लिएका छन् ? त्यसको समाधान कसले र कस्तो अवस्थामा गर्न सक्छ? यस्ता प्रश्नमाथि अध्ययन गरेर विभिन्न शक्तिले आ–आफ्ना कार्ययोजना तयार पार्ने गरेका छन्।

त्यस्ता रणनीतिको एउटा उद्देश्य देशभित्रको वामपन्थी आन्दोलनलाई गन्तव्यविहीन बनाउनु पनि हुन सक्छ। साथै, देशको अर्थव्यवस्था, शिक्षा र स्वास्थ्यलाई कमजोर, जीर्ण र परनिर्भर बनाउँदै असफल राष्ट्रतर्फ धकेल्ने रणनीति हुन सक्छ भन्ने आशंका पनि गरिन्छ । कतिपय आइएनजीओहरूले त्यस्ता बाह्य स्वार्थअनुकूलका योजना अघि सारेका छन् कि छैनन् भन्ने विषयमा पनि गम्भीर अध्ययन र बहस आवश्यक छ।

बाहिरबाट हेर्दा कतिपय संस्थाको उद्देश्य सहयोगी र सेवामुखी देखिन्छ । तर त्यसको भित्री उद्देश्य पनि त्यही हो भन्ने ग्यारेन्टी हुँदैन। कतिपय संस्थाका गतिविधि कुनै न कुनै रूपमा देशको सार्वभौमिकता, राष्ट्रिय हित र सामाजिक संरचनासँग जोडिएका हुन सक्छन्। हाम्रो देशका आफूलाई बौद्धिक भन्ने कतिपय व्यक्तिहरूले पनि त्यस्ता संस्थाका पक्षमा निरन्तर लेख्ने र बोल्ने गरेका कारण उनीहरूको वास्तविक उद्देश्यबारे प्रश्न उठ्ने गरेको छ। त्यसैले कुनै पनि संस्थाको गतिविधि र त्यसको प्रभावबारे आलोचनात्मक दृष्टिले अध्ययन गर्न आवश्यक छ । व्यक्तिको आलोचना होइन, विचार र गतिविधिको तथ्यगत समीक्षा आवश्यक छ ।

नेपालले विगतमा विभिन्न असमान सन्धि–सम्झौता गरेको इतिहास छ। ती सन्धि–सम्झौताले नेपालको सार्वभौमिकतामाथि प्रश्न उठाउने ठाउँसमेत दिएको छ । छिमेकीसँग गरिएका विभिन्न सन्धि–सम्झौताको पुनरावलोकन र राष्ट्रिय हितको दृष्टिले समीक्षा गर्नुपर्ने आवाज समय–समयमा उठ्दै आएको छ। विशेषगरी नेपाल–भारतबीचको शान्ति तथा मैत्री सन्धिलगायतका विषयमा लामो समयदेखि बहस हुँदै आएको छ। जनसंख्या, आर्थिक शक्ति र भूराजनीतिक अवस्थालाई हेर्दा पनि नेपालले आफ्नो राष्ट्रिय हित र सार्वभौमिकताप्रति सधैं सचेत रहनुपर्ने देखिन्छ । यस विषयमा विगतमा थुप्रै लेख रचना प्रकाशित भएका छन्। त्यसैले यहाँ सबै कुरा दोहोऱ्याइरहन आवश्यक छैन। तर इतिहासले हामीलाई दिएको जिम्मेवारी भने बिर्सनु हुँदैन। देशको सार्वभौमिकता, अखण्डता र राष्ट्रिय स्वाधीनताको रक्षा राज्यको मात्र होइन, प्रत्येक नागरिकको जिम्मेवारी हो ।

आज देशमा जसरी एनजीओ र आइएनजीओहरूको प्रभाव बढिरहेको छ, त्यसको दीर्घकालीन असरबारे समयमै बहस गर्न आवश्यक छ । यसको अर्थ सबै गैरसरकारी संस्था खराब छन् भन्ने होइन। शिक्षा, स्वास्थ्य, वातावरण, विपद् व्यवस्थापन, गरिबी न्यूनीकरण तथा सामाजिक सेवाका क्षेत्रमा धेरै संस्थाले महत्त्वपूर्ण योगदान पनि गरेका छन् । तर बाह्य स्रोत र स्वार्थमा सञ्चालित संस्थाको गतिविधि राष्ट्रिय प्राथमिकता र राज्यको नीतिसँग मेल खान्छ कि खाँदैन भन्ने प्रश्न उठाउनु नागरिकको अधिकार हो ।

राष्ट्रिय हितविपरीत हुने कुनै पनि गतिविधिमाथि प्रश्न उठाउनु राष्ट्रवादको खोक्रो प्रदर्शन होइन। बरू लोकतान्त्रिक समाजमा आवश्यक नागरिक खबरदारी हो। राज्य कमजोर भयो, राष्ट्रिय अर्थतन्त्र कमजोर भयो र नागरिक समाज बाह्य प्रभावमा मात्र निर्भर भयो भने कुनै पनि देश दीर्घकालीन रूपमा आत्मनिर्भर बन्न सक्दैन ।

त्यसैले एनजीओ र आइएनजीओलाई एउटै डालोमा राखेर विरोध वा समर्थन गर्नुको सट्टा तिनको स्रोत, उद्देश्य, कार्यक्रम, कार्यक्षेत्र, उपलब्धि र सामाजिक प्रभावको पारदर्शी समीक्षा गरिनुपर्छ। विदेशी सहयोग आवश्यक क्षेत्रमा उपयोग गर्न सकिन्छ, तर त्यसको निर्णय नेपालको आवश्यकता र राष्ट्रिय हितका आधारमा हुनुपर्छ। सहयोग लिने नाममा नीति, प्राथमिकता र निर्णय प्रक्रियामै बाह्य प्रभाव स्थापित हुने अवस्था आउन दिनु हुँदैन ।

राष्ट्रभक्ति भनेको अरूलाई शंका गर्नु मात्र होइन; आफ्नो देशको हित, सार्वभौमिकता, सामाजिक सद्भाव, आत्मनिर्भर अर्थतन्त्र र लोकतान्त्रिक व्यवस्थाप्रति जिम्मेवार हुनु हो । त्यसैले देशमा सक्रिय एनजीओ तथा आइएनजीओको भूमिका र प्रभावबारे तथ्यमा आधारित, खुला र गम्भीर बहस आजको आवश्यकता हो । देशभक्ति चस्माले हेर्दा मात्र होइन, आलोचनात्मक विवेकले नियाल्दा पनि राष्ट्रिय हितको बाटो स्पष्ट देखिनुपर्छ ।

## हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**Hamro Saving and Credit Cooperative Limited**
बन्दीपुर-१, डुम्रेबजार, तनहुँ । फोन नं. ०६५-५८०२००, ९८५६०८०२११

### ऋण रकम चुक्ता गर्न आउने ७ दिने अत्यन्त जरूरी सूचना

*अन्तिम पटक प्रकाशित मिति : २०८३/०४/२६*

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणिले लिइएको कर्जाको भाखा म्यादभित्र बुझाउनुपर्ने किस्ता (सावा, व्याज) नतिरि नबुझाई रकम बाँकी नै राखि उक्त कर्जा लिदा गरिएको कर्जा सम्बन्धी सर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक एवं लिखित तरताकेता गरी कर्जाको बुझाउनुपर्ने रकम र सावामा लागेको व्याज तथा थप दस्तुर समेत भुक्तान गरिदिन अनुरोध गरेकोमा उक्त कर्जाको बुझाउन पर्ने रकम भुक्तान गर्न तर्फ ऋणि तथा सुरक्षण धनि समेतले कुनै चासो नदेखाई आलटाल गरी कर्जा रकम बाँकी नै रहेकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफुले लिइएको ऋण रकमको बुझाउनुपर्ने सावा, व्याज तथा अन्य थप दस्तुर समेत बुझाउन तथा चुक्ता गर्न आउनुहुन सम्बन्धित ऋणि तथा चल/अचल सम्पत्ति धनि एवं कर्जाको लागि धनजमानी दिने सबैलाई यस सूचनाद्वारा सुचित गरिन्छ । अन्यथा नेपाल सरकारद्वारा प्रकाशित सहकारी ऐन २०७४, सहकारी नियमावलि २०७५ साथै संस्थाको विनियम २०६४, पुनर्लेखित २०८१ संस्थाको ऋण नीति २०८१ तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्रि वा अन्य व्यवस्था गरी कर्जा असुलउपर गरिनेछ । साथै लिलाम विक्रिबाट कर्जा असुलउपर नभएमा निज तथा जमानत दिने व्यक्तिको एकाघरको नाउँमा रहेको चल अचल सम्पत्ति सम्बन्धित निकायबाट रोक्का राखि कानुन बमोजिम कारबाहि गरी कर्जा रकम असुल उपर गरिलिने तथा कालो सुचिमा समेत समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं. | फोटो | ऋणि सदस्यको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १. |  | **कर्जा शिर्षक** - व्यवसायिक कर्जा<br>**नाम** - भद्र बहादुर लामिछाने<br>**बाबु/श्रीमानको नाम** - तारानाथ लामिछाने<br>**बाजे/ससुराको नाम** - डिल्लीराम लामिछाने<br>**ना.प्र.नं.**- ८०१६/तनहुँ<br>**ठेगाना** - बन्दीपुर १, शिखरडाडा, तनहुँ | श्री डिल्लीरामको नाति, श्री तारानाथको छोरा श्री भद्र बहादुर लामिछानेको नाममा रहेको तनहुँ जिल्ला साबिक बन्दीपुर गा.वि.स. वडा नं. १/ङ कित्ता नं. १०६ क्षेत्रफल ६-४-२-३ भएको जग्गा |
| २. |  | **कर्जा शिर्षक** - व्यवसायिक कर्जा<br>**नाम** - सुनिता वि.क.<br>**बाबु/श्रीमानको नाम** - अर्जुन बि.क.<br>**बाजे/ससुराको नाम** - धन बहादुर वि.क.<br>**ना.प्र.नं.**- ४९-०१-७१-०५८५१/म्याग्दि<br>**ठेगाना** - बन्दीपुर १, पिप्ले, तनहुँ | श्री सेते कामीको नातिनी, श्री भिम बहादुर कामीको छोरी श्री सुनिता वि.क.को नाममा रहेको तनहुँ जिल्ला साविक बन्दीपुर गा.वि.स. वडा नं.१/ङ कित्ता नं.२७९ क्षेत्रफल १-८-२-० भएको जग्गा |
| ३. |  | **कर्जा शिर्षक** - कृषि कर्जा<br>**नाम** - दिलमाया थापा मगर<br>**बाबुको नाम** - मान सिं थापा मगर<br>**बाजे/ससुराको नाम** - गञ्ज ब. थापा<br>**ना.प्र.नं.**- ना.प्र.नं.५५१०४/तनहुँ<br>**ठेगाना** - बन्दीपुर १, गुरुङ्गटार तनहुँ | श्री गञ्ज बहादुरको बुहारी, श्री मान सिंङको श्रीमति श्री दिलमाया थापा मगरको नाममा रहेको तनहुँ जिल्ला साविक बन्दीपुर गा.वि.स. वडा नं.१/ङ कित्ता नं.११० क्षेत्रफल३-१२-१-० भएको जग्गा |
| ४. |  | **कर्जा शिर्षक** - व्यवसायिक कर्जा<br>**नाम** - रिता थापा मगर<br>**बाबु/श्रीमानको नाम** - तिल बहादुर थापा<br>**बाजे/ससुराको नाम** - सुक बहादुर थापा<br>**ना.प्र.नं.**- ना.प्र.नं. ३८१५८/तनहुँ<br>**ठेगाना** - बन्दीपुर १, पिप्ले तनहुँ | श्री शमशेरको बुहारी, श्री शुक बहादुर थापाको श्रीमति श्री सुकुनी थापाको नाममा रहेको तनहुं जिल्ला साविक बन्दीपुर गा.वि.स.वडा नं.१/क कित्ता नं.५६३ क्षेत्रफल ०-३-१-३ भएको जग्गा |

## हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**Hamro Saving and Credit Cooperative Limited**
बन्दीपुर-१, डुम्रेबजार, तनहुँ । फोन नं. ०६५-५८०२००, ९८५६०८०२११

### ऋण रकम चुक्ता/नियमित गर्न आउने ७ दिने अत्यन्त जरूरी सूचना

*तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/२६*

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणिले लिइएको कर्जाको भाखा म्यादभित्र बुझाउनुपर्ने किस्ता (सावा, व्याज) नतिरि नबुझाई रकम बाँकी नै राखि उक्त कर्जा लिदा गरिएको कर्जा सम्बन्धी सर्त बन्देज उल्लघन गर्नु भएकोले पटक पटक मौखिक एवं लिखित तरताकेता गरी कर्जाको बुझाउनुपर्ने रकम र सावामा लागेको व्याज तथा थप दस्तुर समेत भुक्तान गरिदिन अनुरोध गरेकोमा उक्त कर्जाको बुझाउन पर्ने रकम भुक्तान गर्न तर्फ ऋणि तथा सुरक्षण धनि समेतले कुनै चासो नदेखाई आलटाल गरी कर्जा रकम बाँकी नै रहेकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफुले लिइएको ऋण रकमको बुझाउनुपर्ने सावा, व्याज तथा अन्य थप दस्तुर समेत बुझाउन तथा चुक्ता/नियमित गर्न आउनुहुन सम्बन्धित ऋणि तथा चल/अचल सम्पत्ति धनि एवं कर्जाको लागि धनजमानी दिने सबैलाई यस सूचनाद्वारा सुचित गरिन्छ । अन्यथा नेपाल सरकारद्वारा प्रकाशित सहकारी ऐन २०७४, सहकारी नियमावलि २०७५ साथै संस्थाको विनियम २०६४, पुनर्लेखित २०८१ संस्थाको ऋण नीति २०८१ तथा प्रचलित कानुन बमोजिम लिलाम विक्रि वा अन्य व्यवस्था गरी कर्जा असुलउपर गरिनेछ । साथै लिलाम बिक्रिबाट कर्जा असुलउपर नभएमा निज तथा जमानत दिने व्यक्तिको एकाघरको नाउँमा रहेको चल अचल सम्पत्ति सम्बन्धित निकायबाट रोक्का राखि कानुन बमोजिम कारबाहि गरी कर्जा रकम असुल उपर गरिलिने तथा कालो सुचिमा समेत समावेश गरिने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं. | फोटो | ऋणि सदस्यको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १. |  | **कर्जा शिर्षक** - व्यवसायिक कर्जा<br>**नाम** - पार्वती थापा<br>**बाबु/श्रीमानको नाम** - सुरेन्द्र बहादुर पुन<br>**बाजे/ससुराको नाम** - नरु पुन<br>**ना.प्र.नं.**- १७१५४/कास्की<br>**ठेगाना** - बन्दीपुर १, डुम्रे तनहुँ | श्री दिल बहादुर पुनको नाती, श्री नरु पुन मगरको छोरा श्री सुरेन्द्र बहादुर पुनको नाममा रहेको तनहुँ जिल्ला साबिक बन्दीपुर गा.बि.स वडा नं. १/क कित्ता नं. २०६० क्षेत्रफल ५-०-०-० भएको जग्गा |
| २. |  | **कर्जा शिर्षक** - व्यवसायिक कर्जा<br>**नाम** - भिम बहादुर घले<br>**बाबु/श्रीमानको नाम** - सुक बहादुर घले<br>**बाजे/ससुराको नाम** - लाल बहादुर घले<br>**ना.प्र.नं.**- ४३९४७/तनहुँ<br>**ठेगाना** - बन्दीपुर ४, डुम्रे तनहुँ | श्री लाल बहादुर घलेको बुहारी, श्री भिम बहादुर घलेको श्रीमति श्री पशुपति घलेको नाममा रहेको तनहुँ जिल्ला साबिक फरकचौर गा.बि.स वडा नं. ५/घ कित्ता नं. ३ क्षेत्रफल ३-८-२-३ भएको जग्गा |
| ३. |  | **कर्जा शिर्षक** - व्यवसायिक कर्जा<br>**नाम** - लक्ष्मी बि.क<br>**बाबु/श्रीमानको नाम** - मुक्त ब. सुनार<br>**बाजे/ससुराको नाम** - बलसुर सुनार<br>**ना.प्र.नं.**- ५३१९८/पर्वत<br>**ठेगाना** - बन्दीपुर १, डुम्रे तनहुँ | श्री बलसुरको बुहारी, श्री मुक्त बहादुर बि.क.को श्रीमति श्री लक्ष्मी बि.क.को नाममा रहेको गोरखा जिल्ला साबिक च्याङलि गा.बि.स वडा नं. ७ कित्ता नं. ७८२ क्षेत्रफल २-१३-३-० भएको जग्गा |
| ४. |  | **कर्जा शिर्षक** - व्यवसायिक कर्जा<br>**नाम** - गोबिन्द कुमार श्रेष्ठ<br>**बाबु/श्रीमानको नाम**- हिरा नारायण श्रेष्ठ<br>**बाजे/ससुराको नाम**- कृष्ण नारायण श्रेष्ठ<br>**ना.प्र.नं.**- ३३९४/गोरखा<br>**ठेगाना** - आबुखैरेनी ३, तनहुँ | श्री कृष्ण नारायणको नाति, श्री हिरा नारायण श्रेष्ठको छोरा श्री गोबिन्द कुमार श्रेष्ठको नाममा रहेको गोरखा जिल्ला साबिक देउरालि गा.बि.स वडा नं. ४ कित्ता नं. १४३१,१४३७ क्षेत्रफल ०-९-०-०, २-११-०-० भएको जग्गा |
| ५. |  | **कर्जा शिर्षक** - व्यवसायिक कर्जा<br>**नाम** - लोक बहादुर नेपाली<br>**बाबु/श्रीमानको नाम**-धन बहादुर नेपाली<br>**बाजे/ससुराको नाम** - लक्ष्मण नेपाली<br>**ना.प्र.नं.**- ४०८२/तनहुँ<br>**ठेगाना** - भानु २, भकुन्थोक तनहुँ | श्री लक्षीमानको बुहारी, श्री धने सार्कीको श्रीमति श्री जानुका देवी सार्कीको नाममा रहेको तनहुँ जिल्ला साबिक दोरदोर गा.बि.स वडा नं. ७/ख कित्ता नं. ३६८ क्षेत्रफल २-६-०-० भएको जग्गा |

## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**भदौ ०७ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ साउन २६ गते मंगलबार
August 11, 2026

# प्रकृति, संस्कृति र इतिहासले सजिएको मर्स्याङ्दीमा पर्यटनको सम्भावना

भञ्ज्याङ समाचारदाता/लमजुङ

कलकल बग्ने मर्स्याङ्दी नदी, हरियाली डाँडाकाँडा, हिमाली दृश्य, तातोपानीका कुण्ड, धार्मिक तथा ऐतिहासिकस्थल र मौलिक संस्कृति। प्रकृति, संस्कृति र इतिहासको यही विविधताले लमजुङको मर्स्याङ्दी गाउँपालिकालाई पर्यटकीय सम्भावनाले भरिएको क्षेत्रका रूपमा चिनाएको छ । मर्स्याङ्दी गाउँपालिकाका विभिन्न स्थानमा रहेका प्राकृतिक तथा धार्मिकस्थल आन्तरिक पर्यटकका लागि आकर्षणका केन्द्रसमेत बन्न थालेका छन्। वडा नं ४ जगतमा रहेको तातोपानी कुण्डमा नुहाउन तथा प्राकृतिक वातावरणको आनन्द लिन मानिसहरु पुग्ने गरेका छन् । वडा नं. ६ बाहुनडाँडामा रहेको तातोपानी कुण्ड पनि पर्यटकीय सम्भावना बोकेको स्थल हो ।



प्राकृतिक रुपमा निस्कने तातोपानीमा स्नान गर्दा विभिन्न रोग निको हुने जनविश्वास रहँदै आएको छ । त्यस्तै गाउँपालिकाका विभिन्न डाँडाकाँडाबाट हिमशृंखला तथा आसपासका मनोरम भूदृश्यावलोकन गर्न सकिन्छ । वडा नं ३ मा रहेको हर्सिङडाँडा प्राकृतिक दृश्यावलोकनका साथै ऐतिहासिक महत्व बोकेको स्थल हो । राष्ट्रिय विभूति भक्ति थापाले बाल्यकालमा गाईवस्तु चराएको स्थानका रूपमा समेत हर्सिङडाँडालाई लिइन्छ । ऐतिहासिक व्यक्तित्वसँग जोडिएको यो स्थललाई पर्यटनसँग जोडेर विकास गर्नसके थप पर्यटक आकर्षित गर्न सकिने स्थानीयको विश्वास छ।

मर्स्याङ्दी गाउँपालिकाको पर्यटन प्राकृतिक सम्पदामा मात्र सीमित छैन । यहाँको मौलिक संस्कृति पनि अर्को महत्त्वपूर्ण आधार हो । विभिन्न समुदायले मनाउने चाडपर्व तथा परम्परागत नाचगानले स्थानीय सांस्कृतिक पहिचानलाई जीवन्त बनाएको छ।

घाँटु, सोरठी, कृष्णचरित्र, बालन, झ्याउरे, तामाङ सेलो लगायतका सांस्कृतिक गतिविधिलाई पर्यटनसँग जोड्न सके स्थानीय कला र संस्कृतिको संरक्षणसँगै आम्दानीको स्रोत बनाउन सकिने उत्तिकै सम्भावना छ । गाउँपालिकाका विभिन्न वडा यी पर्यटन तथा यातायात मार्गसँग जोडिएकाले मनाङतर्फ जाने आन्तरिक तथा बाह्य पर्यटकलाई स्थानीय प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिकस्थलतर्फ आकर्षित गर्न सकिने अवस्था छ।

विशेषगरी पर्यटकीय मौसममा अन्नपूर्ण पदमार्ग हुँदै आउने विदेशी पर्यटक तथा मनाङ जाने यात्रीलाई स्थानीय गन्तव्यसँग जोड्न सके पर्यटनको लाभ गाउँपालिकाका विभिन्न बस्तीमा पुर्‍याउन सकिन्छ।

स्थानीयवासी पूर्णबहादुर गुरूङ मर्स्याङ्दी गाउँपालिका प्राकृतिक, पर्यटकीय तथा ऐतिहासिक महत्व बोकेको क्षेत्र भएकाले यसको सम्भावनालाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने बताउनुहुन्छ । पर्यटकीय सम्भावना भएका स्थानको पहिचान गरी संरक्षण, प्रचारप्रसार र पूर्वाधार विकासमा थप ध्यान दिन सके स्थानीयले त्यसबाट लाभ लिन सक्ने उहाँको भनाइ छ ।

हर्सिङडाँडाको पर्यटकीय सम्भावनालाई स्थानीयस्तरबाटै उपयोग गर्न थालिएको छ । ऐतिहासिक व्यक्तित्व भक्ति थापासँग जोडिएको स्थल भएकाले पर्यटक आकर्षित गर्न आफूले त्यहाँ पर्यटनलक्षित व्यवसाय सञ्चालन गर्दै आएको पूर्णबहादुरले बताउनुभयो । प्राकृतिक सौन्दर्य र ऐतिहासिक पहिचानलाई एकैसाथ उपयोग गर्न सके हर्सिङडाँडा महत्त्वपूर्ण पर्यटकीय गन्तव्य बन्न सक्ने उहाँको विश्वास छ। मर्स्याङ्दी गाउँपालिकामा सडक तथा अन्य पूर्वाधार विस्तार भइरहेकाले पर्यटन विकासका लागि थप आधार तयार हुँदै गएको छ ।

पर्यटकीयस्थलसम्म सहज पहुँच, पदमार्ग, खानेपानी, शौचालय, सरसफाइ, सूचना केन्द्र, संकेतचिह्न र घरबासलगायतका पूर्वाधारलाई व्यवस्थित बनाउन सके यहाँको पर्यटनले थप गति लिनसक्छ । गाउँपालिका अध्यक्ष अर्जुन गुरूङ मर्स्याङ्दी गाउँपालिका पर्यटकीय, धार्मिक तथा ऐतिहासिक सम्पदाले भरिपूर्ण रहेको बताउनुहुन्छ । यस्ता सम्पदाको संरक्षण र प्रवर्द्धनसँगै प्रचारप्रसारलाई प्राथमिकता दिइएको उहाँले बताउनुभयो । पर्यटक आकर्षित गर्ने कार्यक्रम सञ्चालन, आवश्यक पूर्वाधार निर्माण तथा पर्यटकीयस्थलसम्म यातायात सेवा विस्तारमा गाउँपालिकाले ध्यान दिइरहेको उहाँको भनाइ छ । "यहाँका सम्पदाको संरक्षणसँगै व्यापक प्रचारप्रसार, आवश्यक पूर्वाधार निर्माण र यातायात पहुँच विस्तार गरी पर्यटक आकर्षित गर्ने वातावरण बनाउन गाउँपालिकाले प्राथमिकताका साथ काम गरिरहेको छ", अध्यक्ष गुरूङले भन्नुभयो ।

अन्नपूर्ण पदमार्ग र बेँसीसहर–चामे सडकसँगको पहुँचलाई स्थानीय पर्यटकीय गन्तव्यसँग जोड्दै संरक्षण, पूर्वाधार विकास, स्थानीय समुदायको सहभागिता र व्यवस्थित प्रचारप्रसारलाई सँगसँगै अघि बढाउन सके मर्स्याङ्दी लमजुङकै आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुनसक्ने सम्भावना छ । रासस

## गण्डकी सरकारले बनायो ...

गरिएको छ । डिपार्टमेन्टल स्टोरहरूले मदिरा बिक्री गर्ने भएमा त्यसका लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नुपर्ने व्यवस्था राखिएको छ ।

घरेलु मदिरा प्लाष्टिकको पोकामा राखेर बेच्न नपाइने भएको छ । यसका लागि गुणस्तरीय सिसाको बोतल वा फुड–ग्रेड तथा हानिकारक रसायन रहित पारदर्शी बोतल मात्र प्रयोग गर्नुपर्ने नियम राखिएको छ । बोतलको बाहिरी भागमा अल्कोहलको मात्रा, प्रकार, उत्पादन मिति र स्वास्थ्य सम्बन्धी चेतावनी स्पष्ट रूपमा लेख्नुपर्नेछ।

मदिरा बनाउँदा पनि विशेष ध्यान दिनुपर्ने छ । प्रयोग गरिने कच्चा पदार्थ, कोदोको पिठो र मर्चाको गुणस्तर प्रयोगशालाबाट प्रमाणित हुनुपर्ने व्यवस्था गरिएको छ भने मर्चा उत्पादन र बिक्रीका लागि व्यवसायीले ५ वर्ष अवधिको छुट्टै इजाजतपत्र लिनुपर्नेछ ।

प्रदेश सरकारले घरेलु मदिरालाई ३ भागमा विभाजन गरिदिएको छ । ४० प्रतिशतभन्दा बढी अल्कोहल भएको मदिरालाई प्रिमियम मदिरा भनेर बर्गीकरण गरिएको छ । यस्तै, १६ देखि ४० प्रतिशतसम्म अल्कोहल भएको मझौला गुणस्तरको मदिरालाई स्ट्यान्डर्ड मदिरा तथा १२ देखि १६ प्रतिशतसम्म अल्कोहल भएको सामान्य मदिरालाई लाइट वा माइल्ड मदिरा भनेर उल्लेख गरिएको छ ।

उत्पादकहरूले आफूले प्रयोग गरेको कच्चा पदार्थको रेकर्ड र उत्पादित परिमाणको दैनिक लगत राख्नुपर्नेछ । हरेक आर्थिक वर्ष सकिएपछि १५ दिनभित्र वार्षिक विवरण उद्योग तथा वाणिज्य हेर्ने जिल्ला स्थित कार्यालयमा बुझाउनुपर्नेछ नियमावलीमा व्यवस्था गरिएको छ ।

मन्त्रिपरिषदबाट पारित नियमावली राजपत्रमा प्रकाशन गरेपछि कार्यान्वयनमा आउने छ। यसमा अवैध काम गरेको अवस्थामा जरिवानादेखि दर्ता खारेजीसम्मको व्यवस्था गरिएको छ । नवीकरण गराउनुपर्ने अवधिभित्र इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र खारेज हुनेछ । मर्चा उत्पादन तथा बिक्रीका लागि तोकिएको मापदण्ड र गुणस्तर कायम नगरेको पाइएमा मर्चा उत्पादनको इजाजतपत्र रद्द गर्न वा नवीकरण नगर्न सक्नेछ व्यवस्था राखिएको छ । नियमित अवधिभित्र इजाजतपत्र नवीकरण नगराएमा थप शुल्क वा जरिवाना बुझाएर नविकरण गर्न पाइने छ । इजाजतपत्रवालाले प्रत्येक बोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नुपर्नेछ । अन्तःशुल्क टिकट नटाँसिएको सामान खरिद–बिक्रीका लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिने व्यवस्था छ ।

अन्तः शुल्क नेपाल सरकार मातहत पर्ने भएकोले आवश्यक व्यवस्थाका लागि प्रदेशले संघसँग आग्रह गर्नुपर्छ । संघले बाटो नफुकाएसम्म नियमावली बने पनि कार्यान्वयनमा समस्या हुन्छ । नेपालमै पाइने अन्नहरू घरेलु मदिरामा कच्चा पदार्थका रूपमा प्रयोग हुनेछन् । मदिरा ऐनमै कोदो, फापर, जौ, गहुँ, मकै आदि अन्न र स्याउ, सुन्तला, अंगुर आदि फलफूल तथा जडीबुटीलाई कच्चा पदार्थका रूपमा व्यख्या गरेको छ ।

गण्डकी प्रदेशका धेरै पालिकाहरूले घरेलु मदिरालाई वैधानिकता दिने गरी कानून निर्माण गरिरहेका छन् । केही पालिकाले मदिरा ब्राण्डिङ गरेर बजारमा पठाइसकेका छन् । हालसम्म संघीय कानून हेर्दा घरेलु मदिरालाई अवैध मानिएको छ । गण्डकी प्रदेश सरकारले घरेलु मदिरासँगै गाजा खेती गर्ने कानून पनि संसदबाट पारित गरिसकेको छ । रातोपाटीबाट

विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter



**Bishnu Rijal**
x.com/bishnurijal1

कांग्रेस नेता रूपमा शेरबहादुर देउवासँग कुनै राजनीतिक बैधता र सान्दर्भिकता बाँकी छैन । चुनावका बेला देश छाडेर उनले आफूलाई राजनीतिक प्रक्रियाबाटै अलग राखिसकेका छन् । तथापि, उनलाई सभापतिबाट अपदस्थ गरिएको कार्य विधान र मुलुकको कानुनसम्मत छैन । भृकुटीमण्डपमा आउने को-को हुन्? महाधिवेशन प्रतिनिधि हुन् कि होइनन् भन्ने सनाखत र स्वतन्त्र पुष्टि न निर्वाचन आयोगले गर्न चाह्यो न त त्यतिबेला हतारमा रहेको सर्वोच्च अदालतले नै तथ्यमा प्रवेश गर्न चाह्यो। बल्ल अदालतलाई कानुन हेर्न् फुर्सत भएछ र निस्सा दिएको छ। हुलमुलमा कब्जा भएको कांग्रेसलाई आपसमा मिल्न यस घटनाले दवाव दिएको हुनुपर्छ । ०५४ मा सभामुख रामचन्द्र पौडेल हेलिकोप्टरमा कञ्चनपुरबाट हतार-हतार काठमाडौं आएर गृहमन्त्री खुमबहादुर खड्काको व्यवस्थापनमा एमाले विभाजित गर्दाका दुष्परिणाम राजनीतिमा अद्यापि छन् । त्यसैले शुभेच्छा छ- हजार कमजोरीका बाबजुद नेपालको पुरानो पार्टी नेपाली कांग्रेस नफुटोस् !

# तनहुँका तीन वन समूह तथा वनधनी राष्ट्रिय पुरस्कारबाट सम्मानित

भञ्ज्याङ समाचारदाता/तनहुँ

डिभिजन वन कार्यालय, तनहुँ अन्तर्गतका तीन वन समूह तथा एक निजी वनधनीले विभिन्न विधाका राष्ट्रिय वन पुरस्कार प्राप्त गरेका छन्। वन संरक्षण, व्यवस्थापन तथा प्रवर्द्धनमा उत्कृष्ट योगदान पुर्‍याएको भन्दै उनीहरूलाई राष्ट्रियस्तरका प्राप्त गर्नु जिल्लाको वन संरक्षण तथा व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण उपलब्धि भएको डिभिजन वन कार्यालय, तनहुँले जनाएको छ। पुरस्कारले स्थानीयस्तरमा वन संरक्षण, दिगो व्यवस्थापन तथा वनजन्य स्रोतको सदुपयोगमा थप प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ।

यसै अवसरमा डिभिजन वन



विभिन्न पुरस्कार प्रदान गरिएको हो।

निजी वनतर्फ बन्दीपुर गाउँपालिका–१ का निजी वनधनी मानकाजी श्रेष्ठले निजी वन राष्ट्रिय पुरस्कार–प्रथम प्राप्त गरेका छन्। त्यस्तै, म्याग्दे गाउँपालिका–२ स्थित डुनडाँडा कबुलियती वनले कबुलियती वन राष्ट्रिय पुरस्कार–तृतीय प्राप्त गरेको छ ।

यसैगरी, म्याग्दे गाउँपालिका–२ स्थित उमाचोक सामुदायिक वनले गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार–सान्त्वना प्राप्त गरेको छ ।

तनहुँका वन समूह तथा निजी वनधनीले राष्ट्रियस्तरका पुरस्कार कार्यालय, तनहुँलाई समेत सम्मानपत्र प्रदान गरिएको छ। वन संरक्षण तथा व्यवस्थापनका क्षेत्रमा कार्यालयले पुर्‍याएको योगदानको कदरस्वरूप वन तथा भू–संरक्षण विभागले सम्मानपत्र प्रदान गरेको हो ।

राष्ट्रिय पुरस्कारबाट सम्मानित मानकाजी श्रेष्ठ, डुनडाँडा कबुलियती वन र उमाचोक सामुदायिक वनसहित डिभिजन वन कार्यालय, तनहुँ परिवारलाई वन तथा वातावरण संरक्षणका क्षेत्रमा पुर्‍याएको योगदानका लागि डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले बधाई तथा शुभकामना व्यक्त गरेका छन्।

## भिमादको किहुँ-हुक्का .......

रहेको संविधानसभा सदस्य सिग्देल बताउँछन् ।

उनले भने, 'प्राकृतिक सौन्दर्य, दृश्यावलोकन, शान्त वातावरण र ऐतिहासिक महत्वलाई एकीकृत रूपमा प्रवर्द्धन गर्न सके लिलिङकोट भिमाद नगरपालिका मात्र नभई तनहुँकै महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्न सक्ने सम्भावना छ ।' किहुँ, हुक्का डाँडा, लिलिङकोट, सतिकोट गुफा र डाडाजोरलाई एउटै पर्यटन सर्किटमा जोड्ने अवधारणाले यस क्षेत्रको पर्यटन विकासलाई थप व्यवस्थित बनाउन सक्ने उनले बताए ।

तर पर्यटकीय क्षेत्रको सम्भावना प्रचारमा मात्र सीमित नराखी दीर्घकालीन योजनासहित पूर्वाधार विकास, वातावरण संरक्षण, स्थानीय संस्कृति तथा इतिहासको प्रवर्द्धन र स्थानीय समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नुपर्ने देखिन्छ। त्यसका लागि भिमाद नगरपालिका, स्थानीय समुदाय, सहिद परिवार तथा सरोकारवाला निकायबीच सहकार्य आवश्यक हुनेछ । स्थानीयस्तरमा सामाजिक सञ्जालमार्फत पहिचान बनाउन सफल हुँदै गएको लिलिङकोटलाई अब योजनाबद्ध रूपमा विकास र संरक्षण गर्न सके किहुँ–हुक्का डाँडादेखि डाडाजोरसम्मको क्षेत्रलाई नै नयाँ पर्यटकीय सर्किटका रूपमा स्थापित गर्न सकिने अपेक्षा गरिएको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४